# नेपाल सरकार
## कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरवार, काठमाडौं

**राय/सुझावका लागि सूचना**

(प्रकाशित मिति: २०८३।०६।१५)

वातावरण विभागबाट दिईने व्याट्रीको सिफारिस सम्बन्धी कार्यलाई व्यवस्थित गर्न तयार गरिएका "डिप साइकल लिड एसिड ब्याट्रीको शून्य दरमा कर (मु.अ.क.) सिफारिस सम्बन्धी निर्णय गर्दा पालना गर्नुपर्ने कार्यविधि, २०८३" एवं "डिप साइकल लिड एसिड ब्याट्री र लिथियम आयन ब्याट्रीको भन्सार महसुल छुटको सिफारिस सम्बन्धी निर्णय गर्दा पालना गर्नुपर्ने कार्यविधि, २०८३" को मस्यौदा उपर सर्वसाधारण, विज्ञ तथा सरोकारवालाहरुको राय/सुझावका लागि यो सूचना प्रकाशन गरिएको छ । संलग्न बमोजिमका कार्यविधिहरुको मस्यौदामा कुनै राय/सुझाव भएमा यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्नानुसार ठेगानामा उपलब्ध गराईदिनुहुन हार्दिक अनुरोध छ ।

राय/सुझाव पठाउने ठेगाना

कृषि, वन तथा पर्यावरण मन्त्रालय
वातावरण तथा जैविक विविधता शाखा
वातावरण मापदण्ड तथा अनुगमन शाखा
फोन न.: ०१-४२११६६५, ४२११९३२
Email: info@moafe.gov.np

## डिप साइकल लिड एसिड ब्याट्रीको शून्य दरमा कर (मु.अ.क.) सिफारिस सम्बन्धी निर्णय गर्दा पालना गर्नुपर्ने कार्यविधि, २०८३

**प्रस्तावनाः** वातावरण विभागबाट डिप साइकल लिड एसिड ब्याट्रीको उत्पादनकर्तालाई शून्य दरमा कर (मु.अ.क.) सिफारिस दिने प्रक्रियालाई सरल, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस कार्यविधिको नाम "डिप साइकल लिड एसिड ब्याट्रीको शुन्य दरमा कर (मु.अ.क.) सिफारिस सम्बन्धी निर्णय गर्दा पालना गर्नुपर्ने कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अन्तिम उपभोक्ता" भन्नाले डिप साइकल लिड एसिड ब्याट्री खरिद गरि विद्युतीय सवारी संचालन गर्ने व्यक्ति वा संस्था सम्झिनु पर्छ।

(ख) "डिप साइकल लिड एसिड ब्याट्री" भन्नाले प्रचलित कानून बमोजिम वातावरण विभागको सिफारिसमा विद्युतीय सवारीमा प्रयोग हुने स्वदेशी उद्योगबाट उत्पादन भएको उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड ब्याट्री सम्झनु पर्छ।

(ग) "विभाग" भन्नाले वातावरण विभाग सम्झनु पर्छ।

३. **प्रचलित आर्थिक ऐन बमोजिम हुने** : यस कार्यविधि बमोजिम डिप साइकल लिड एसिड ब्याट्रीको शून्य दरमा कर (मु.अ.क.) सिफारिस प्रचलित कानूनी व्यवस्था तथा सालवसाली आर्थिक ऐनमा भएको व्यवस्था अनुसार गरिने छ।

४. **विभागमा निवेदन दिनु पर्ने** : डिप साइकल लिड एसिड ब्याट्रीको शून्य दरमा कर (मु.अ.क.) सिफारिसको लागि निवेदन दिन चाहनेले अनुसुची-१ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ।

५. **निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात** : शून्य दरमा कर (मु.अ.क.) को सिफारिसका लागि निवेदन दिन चाहनेले दफा ४ बमोजिमको निवेदनसाथ देहाय बमोजिमको कागजातसमेत संलग्न गरि विभाग समक्ष पेश गर्नु पर्नेछः-

(क) उद्योग दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) अघिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको प्रतिलिपि,

(ग) स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) सम्बन्धित उद्योगले यसअघि विभागबाट शून्य दरमा करको सिफारिस पत्र प्राप्त गरेको भए सोबमोजिम अन्तिम उपभोक्तालाई अनुसूची–२ बमोजिमको ढाँचामा बिक्री तथा वितरण गरेको विवरण,

(ङ) बिक्री वितरण गर्नु पर्ने ब्याट्रीको प्राविधिक स्पेशिफिकेशन,

(च) बिक्री वितरण गर्नु पर्ने ब्याट्रीहरुको नाम, परिमाण, मूल्य, मिति र HS Code स्पष्ट रुपमा खुलेको विवरण,

६. <u>शून्य दरमा करको सिफारिस</u>: दफा ४ बमोजिमको निवेदन प्राप्त भएमा विभागले निवेदनसाथ दफा ५ बमोजिमको कागजात पूर्ण भए, नभएको अध्ययन गरी प्रक्रिया पुगेको देखिएमा प्रचलित कानून बमोजिम शून्य दरमा कर (मु.अ.क.) सिफारिस प्रदान गर्नेछ।

७. <u>सिफारिसको अभिलेख</u>: दफा ६ बमोजिम प्रदान गरेको सिफारिसको अभिलेख विभागले राख्नु पर्नेछ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-१

(दफा ४ सँग सम्बन्धित)

<u>निवेदनको ढाँचा</u>

मिति ....../......../....

श्रीमान् महानिर्देशक,
वातावरण विभाग,
बबरमहल, काठमाडौं।

विषय : शून्य दरमा कर (मु.अ.क) सिफारिस पत्र पाँऊ।

उपरोक्त विषयमा नेपालको प्रचलित कानून बमोजिम दर्ता भइ संचालनमा रहेको उद्योग ....................................................बाट विद्युतीय सवारीमा उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साईकल लिड एसिड ब्याट्री उत्पादन भई बिक्री वितरण गर्नुपर्ने हुँदा देहाय बमोजिमका कागजात संलग्न राखी देहायको चेकलिस्टको आधारमा शून्य दरमा करको लागि ...................................आन्तरिक राजस्व कार्यालयलाई सिफारिस गरिदिनु हुन अनुरोध छ ।

**देहाय** :

| क्र.सं. | सम्बन्धित कागजपत्रको लिष्ट | छ/छैन | कैफियत |
|---|---|---|---|
| १. | उद्योग दर्ता तथा नवीकरण प्रमाणपत्रको प्रतिलिपि | | |
| २. | अघिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको प्रतिलिपि, | | |
| ३. | स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि | | |
| ५. | बिक्री वितरण गर्नु पर्ने ब्याट्रीहरुको नाम, परिमाण, मूल्य, मिति र HS Code स्पष्ट रुपमा खुलेको विवरण | | |
| ६. | अन्तिम उपभोक्तालाई अनुसूची-२ बमोजिमको ढाँचामा बिक्री तथा वितरण गरेको विवरण | | |
| ७. | बिक्री वितरण गर्नुपर्ने ब्याट्रीको प्राविधिक स्पेसिफिकेसन | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

**द्रष्टव्य :-**

आर्थिक ऐन ......./ मूल्य अभिवृद्धि कर ऐन......को अनुसुची ....... को .....अनुसार शून्य दरमा कर लाग्ने । यस निवेदन साथ संलग्न विवरण तथा कागजातहरु ठिक साँचो हो । झुठा ठहरे कानून बमोजिम सहुँला/बुझाउला ।

हस्ताक्षरः-

निवेदकको नाम :-

संस्थाको नाम :-

ठेगाना :-

सम्पर्क नं. :-

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

<u>बिक्री वितरणको विवरण</u>

| क्र.सं. | अन्तिम उपभोक्ताको नाम | अन्तिम उपभोक्ता को ठेगाना | अन्तिम उपभोक्ता को फोन नम्बर | अन्तिम उपभोक्ता को नागरिकता नम्बर | सवारी साधन नम्बर | बिक्री गरेको मिति | बिक्री गरेको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| पहिला प्राप्त सिफारिस संख्या :<br>जम्मा बिक्री संख्या :<br>मौज्दात संख्या : | | | | | | | | |

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

## डिप साइकल लिड एसिड ब्याट्री र लिथियम आयन ब्याट्रीको भन्सार महसुल छुटको सिफारिस सम्बन्धी निर्णय गर्दा पालना गर्नु पर्ने कार्यविधि, २०८३

<u>प्रस्तावना</u>: वातावरण विभागबाट डिप साइकल लिड एसिड ब्याट्री र लिथियम आयन ब्याट्रीको आयातकर्तालाई भन्सार महसुल छुटको सिफारिस दिने प्रक्रियालाई सरल, पारदर्शी र व्यवस्थित बनाउन वाञ्छनीय भएकोले,

सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ ले दिएको अधिकार प्रयोग गरि मन्त्रालयले यो कार्यविधि बनाएको छ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस कार्यविधिको नाम "डिप साइकल लिड एसिड ब्याट्री र लिथियम आयन ब्याट्रीको भन्सार महसुल छुटको सिफारिस सम्बन्धी निर्णय गर्दा पालना गर्नु पर्ने कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. **<u>परिभाषा</u>** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अन्तिम उपभोक्ता" भन्नाले डिप साईकल लिड एसिड ब्याट्री खरिद गरि सफा टेम्पो संचालन गर्ने वा लिथियम आयन ब्याट्री खरिद गरि काठमाडौं उपत्यका भित्र सफा टेम्पो संचालन गर्ने व्यक्ति वा संस्था सम्झनु पर्छ ।

(ख) "डिप साइकल लिड एसिड ब्याट्री" भन्नाले प्रचलित कानून बमोजिम वातावरण विभागको सिफारिसमा पैठारी हुने सफा टेम्पोमा प्रयोग गरिने उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड ब्याट्री सम्झनु पर्छ।

(ग) "लिथियम आयन ब्याट्री" भन्नाले प्रचलित कानून बमोजिम वातावरण विभागको सिफारिसमा पैठारी हुने काठमाडौं उपत्यकामा सञ्चालित सफा टेम्पोमा प्रयोग हुने उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन ब्याट्री सम्झनु पर्छ।

(घ) "विभाग" भन्नाले वातावरण विभाग सम्झनु पर्छ।

३. **<u>प्रचलित आर्थिक ऐन बमोजिम हुने</u>** : यस कार्यविधि बमोजिम डिप साइकल लिड एसिड ब्याट्री र लिथियम आयन ब्याट्रीको भन्सार महसुल छुटको सिफारिस प्रचलित कानूनी व्यवस्था तथा सालवसाली आर्थिक ऐनमा भएको व्यवस्था अनुसार गरिने छ।

नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

४. **विभागमा निवेदन दिनु पर्ने** : डिप साइकल लिड एसिड ब्याट्री वा लिथियम आयन ब्याट्रीको भन्सार महसुल छुटको सिफारिसको लागि निवेदन दिन चाहनेले अनुसुची-१ बमोजिमको ढाँचामा विभाग समक्ष निवेदन दिनु पर्नेछ।

५. **भन्सार महसुल छुटको निवेदनसाथ संलग्न गर्नु पर्ने कागजात** : भन्सार महसुल छुट सिफारिसको लागि निवेदन दिन चाहनेले दफा ४ बमोजिमको निवेदनसाथ देहायबमोजिमको कागजातसमेत संलग्न गरि विभाग समक्ष पेश गर्नु पर्नेछ :-

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) अघिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको प्रतिलिपि,

(ग) स्थायी लेखा नं. वा मूल्य अभिवृद्दि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) पैठारी गर्न चाहेको डिप साईकल लिड एसिड ब्याट्री वा लिथियम आयन ब्याट्रीको खरिद विवरण देखिने HS Code सहितको आधिकारिक बिल (Invoice),

(ङ) सम्बन्धित संस्थाले यसअघि विभागबाट भन्सार महसुल छुटको सिफारिस पत्र प्राप्त गरेको भए सोबमोजिम आयात गरिएका ब्याट्री अन्तिम उपभोक्तालाई अनुसूची-२ बमोजिमको ढाँचामा बिक्री तथा वितरण गरेको विवरण,

(च) निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर (Exim Code) प्रमाणपत्रको प्रतिलिपि,

(छ) प्राविधिक स्पेशिफिकेसन ।

६. **भन्सार महसुल छुट सिफारिसः** दफा ४ बमोजिमको निवेदन प्राप्त भएमा विभागले निवेदनसाथ दफा ५ बमोजिमको कागजातहरु पूर्ण भए, नभएको अध्ययन गरी प्रक्रिया पुगेको देखिएमा प्रचलित कानून बमोजिम भन्सार महसुल छुटको सिफारिस प्रदान गर्नेछ।

७. **सिफारिसको अभिलेखः** दफा ६ बमोजिम प्रदान गरेको सिफारिसको अभिलेख विभागले राख्नु पर्नेछ।

कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसुची-१
## (दफा ४ सँग सम्बन्धित)
## निवेदनको ढाँचा

मितिः....../....../.....

श्रीमान् महानिर्देशक,
वातावरण विभाग,
बबरमहल, काठमाडौं।

विषय : भन्सार महसुल छुटको सिफारिस पत्र पाँऊ।

उपरोक्त विषयमा नेपालको प्रचलित कानून बमोजिम दर्ता भइ संचालनमा रहेको कम्पनी/ संस्था ..........................................ले सफा टेम्पोमा प्रयोग गरिने उपशीर्षक ८५०७.२०.०० मा पर्ने डिप साइकल लिड एसिड ब्याट्री/काठमाडौं उपत्यकामा संचालित सफा टेम्पोमा प्रयोग हुने उपशीर्षक ८५०७.६०.०० मा पर्ने लिथियम आयन ब्याट्री आयात गर्नुपरेको हुँदा देहाय बमोजिमका कागजात संलग्न राखी देहायको चेकलिस्टको आधारमा भन्सार महसुल छुटको लागि ..........................भन्सार कार्यालयलाई सिफारिस गरिदिनु हुन अनुरोध छ ।

देहाय :

| क्र.सं. | सम्बन्धित कागजपत्रको लिष्ट | छ/छैन | कैफियत |
|---|---|---|---|
| १. | कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि | | |
| २ | स्थायी लेखा नं. वा मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रतिलिपि | | |
| ३. | अघिल्लो आ.व.को कर चुक्ता प्रमाण पत्र वा म्याद थपको प्रतिलिपि | | |
| ४. | पैठारी गर्न चाहेको डिप साईकल लिड एसिड ब्याट्री वा लिथियम आयन ब्याट्रीको खरिद विवरण देखिने HS Code सहितको आधिकारिक बिल (Invoice) | | |

| | | | |
|---|---|---|---|
| ५. | अन्तिम उपभोक्तालाई बिक्री तथा वितरण गरेको विवरण | | |
| ६ | निकासी वा पैठारी (स्थायी) सङ्केत नम्बर (Exim Code) प्रमाणपत्रको प्रतिलिपि | | |
| ७ | प्राविधिक स्पेसिफिकेसन | | |

**द्रष्टव्य :-**

आर्थिक ऐन ......../भन्सार महसुल ऐन ........को अनुसुची .........को .....अनुसार भन्सार महसुल ....प्रतिशत लाग्ने | यस निवेदन साथ संलग्न विवरण तथा कागजातहरु ठिक साँचो हो | झुठा ठहरे कानून बमोजिम सहुँला/बुझाउला |

हस्ताक्षर:-

निवेदकको नाम :-

संस्थाको नाम :-

ठेगाना :-

सम्पर्क नं. :-

कृषि, वन तथा पर्यावरण मन्त्रालय
सिंहदरबार, काठमाडौं

अनुसूची-२

(दफा ५ सँग सम्बन्धित)

बिक्री वितरणको विवरण

| क्र.सं. | अन्तिम उपभोक्ताको नाम | अन्तिम उपभोक्ता को ठेगाना | अन्तिम उपभोक्ता को फोन नम्बर | अन्तिम उपभोक्ताको नागरिकता नम्बर | सवारी साधन नम्बर | बिक्री गरेको मिति | बिक्री गरेको संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| पहिला प्राप्त सिफारिस संख्या :<br>जम्मा बिक्रि संख्या :<br>मौज्दात संख्या : | | | | | | | | |